# घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको
# पाँचौ वार्षिक साधारण सभाको सूचना

GHORAHİ CEMENT

नेपाल समाचार पत्रमा प्रथम पटक प्रकाशित मिति २०८२/०८/१४

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको मिति २०८२ मंसिर १२ गते तदनुसार २८ नोभेम्वर २०२५, शुक्रवार विहानको ११:३० बजे कम्पनीको रजिष्टर्ड कार्यालय थापाथलीमा बसेको सञ्चालक समितिको ६३ औ बैठकको निर्णय अनुसार यस कम्पनीको पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुनका लागि सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मितिः २०८२ पौष १४ गते (तदानुसार २९ डिसेम्वर, २०२५) सोमवार ।

समयः बिहान ९ बजे ।

स्थानः दाङ जिल्ला घोराही उप.म.न.पा वडा नं १५ भरतपुरमा अवस्थित होटल पौवा ।

**२. वार्षिक साधारण सभाको छलफल तथा निर्णयको लागि निर्धारीत विषय सूचिहरु :**

**क) सामान्य प्रस्तावहरु :-**

१) आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

२) आ.व. २०८१/०८२ को लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु सहित अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनी ऐन, २०६३ को दफा ९३ बमोजिम सञ्चालक सम्बद्ध रहेको संस्था संग कम्पनीले गरेको कारोवार विवरणलाई स्विकृत गरी अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

४) कम्पनीको सहज सञ्चालन तथा तरलता व्यवस्थापनको लागि संस्थापक शेयरधनीहरुबाट सापटी रकम माग गर्ने तथा उपभोग गर्ने ।

५) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षक नियुक्ती तथा निजको पारिश्रमीक निर्धारण गर्ने ।

६) संस्थापक शेयरधनीहरु समूह तर्फबाट कायम हुने सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु :**

१) सञ्चालक समितिको ६३ औ बैठकले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ सम्म कायम रहेको चुक्ता पुँजीका निम्न लिखित लाभाशं प्रदान गर्ने तथा बोनस शेयर जारी गर्दा हुन आउने खण्डित शेयरलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने बारे ।

वोनस शेयर १०%

नगद लाभाशं (कर प्रयोजनको लागि) ०.५२६३%

२) मिति २०८१/०९/२७ गतेको चौथो वार्षिक साधारण सभाबाट कम्पनीको कायम रहेको चुक्ता पुँजीबाट ७५ प्रतिशत अर्थात प्रति १ शेयर बरावर ०.७५ शेयरका अनुपातले हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरिएको र मिति २०८१/१२/२६ मा धितोपत्र वोर्डमा दर्ता गरी प्रक्रियामा रहेकोमा कम्पनीले पाचौ वार्षिक साधारण सभाबाट शेयरधनीलाई वितरण गर्ने कर वाहेक १० प्रतिशत वोनस शेयर पश्चात हुन आउने चुक्ता पुँजी रू. ५,०२,४४,५४,२७० (अक्षरेपी रूपैयाँ पाँच अर्व दुई करोड चौवालिस लाख चौहन्न हजार दुई सय सत्तरी मात्र) अनुसार हकप्रद शेयर पुनरावलोकन हुन सक्ने भएको हुँदा वोनस शेयर र हकप्रद शेयर जारी गरे पश्चात हुन आउने जारी तथा चुक्ता पुँजी रु ८,७९,२७,९४,९७२.५० (अक्षरेपी रूपैयाँ आठ अर्व उन्नानअसी करोड सत्ताइस लाख चौरानव्वे हजार नौ सय बहत्तर रुपैया पचास पैसा मात्र) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्ध पत्रको दफा ६ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पुँजी सम्बन्धी व्यवस्था संसोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

३) कम्पनीको अधिकृत पुजीँ वृद्धि तथा जारी पूँजी संशोधन गरी सुचिकृत प्रबन्धपत्रको दफा ६ को (क) र (ख) संसोधन गर्ने सम्बन्धमा ।

४) कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने तथा उल्लेखित परिवर्तन अनुसार नियमनकारी निकायबाट प्रबन्ध पत्र तथा नियमावलीमा कुनै संशोधन तथा थपघट गर्नु पर्ने निर्देशन प्राप्त भएमा सोको कार्यान्वयन गर्ने हेतु सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

५) कम्पनीको हाल कायम रहेको चुक्ता पुँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढीको विभिन्न बैंक तथा वित्तिय संस्थाबाट लिएको ऋण रकम अनुमोदन गर्ने ।

**ग) विविध**

## पाँचौ वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१) वार्षिक साधारण सभामा भाग लिने प्रयोजनको लागि मिति २०८२/०८/२६ गते शुक्रवार १ दिनको लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८२/०८/२५ गतेसम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरुको यस कम्पनीको शेयर रजिष्ट्रार हिमालयन क्यापिटल लिमिटेडमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन तथा लाभांश पारित भए बमोजिम प्राप्त गर्न सक्नेछन ।

२) सभामा भाग लिनको निमित्त प्रतिनिधी नियुक्त गर्ने शेयरधनी महानुभावहरुले कम्पनीको कायम अर्को शेयर धनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधी नियुक्त फारम सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्ट्रर्ड कार्यालय, थापाथली, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ । नाबालक तथा अशक्त शेयरधनीको प्रतिनिधिको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधि तोक्न सक्ने छ । प्रतिनिधी नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरु स्वयं सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

३) साधारण सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम भरी सभा सुरु हुन तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कार्यालय समय भित्र रजिष्टर्ड कार्यालय ट्रेड टावरको छैठौ तल्ला, थापाथली, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ । त्यसरी प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गरी सभा सुरु हुने भनि तोकिएको समय भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय समय भित्र दर्ता गरेमा वा आफु स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरिदिएको अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तीलाई प्रतिनिधि नियुक्त गरेको भएमा निज स्वयंले अन्य बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि (प्रोक्सी) हरु स्वतः बदर हुनेछन । प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियुक्त गनुपर्दछ । कुनै किसिमबाट प्रोक्सी छुट्याई दिएमा छुट्याएको सबै प्रोक्सी बदर गरिनेछ ।

४) कम्पनीको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पुस्तिका यस कम्पनीको रजिष्टर्ड कार्यालय ट्रेड टावरको छैठौ तल्ला, थापाथली, काठमाडौंमा वा शेयर रजिष्ट्रार हिमालयन क्यापिटल लिमिटेड, ठमेल, काठमाडौंबाट प्राप्त गर्न सक्नुहुनेछ । कम्पनी ऐन २०६३, को दफा ८४ को प्रयोजनार्थ संक्षिप्त आर्थिक विवरण शेयरधनीको जानकारीको लागी यसै साथ प्रकाशित गरिएको छ । साथै वार्षिक प्रतिवेदन पुस्तिका लगायतका वार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु कम्पनीको वेबसाईट www.ghorahicement.com मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

५) शेयरधनी महानुभावहरुको सुविधाको लागी हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन बिहान ८:०० बजे देखि खुल्ला रहनेछ । साधारण सभामा स्वयम अथवा प्रोक्सी मार्फत भाग लिने प्रत्येक शेयरधनी महानुभावहरु सभा हुने स्थानमा उपस्थित भई उक्त स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम साधारण सभाका लागि आवश्यक गणपूरक संख्या पुरा भए पश्चात सभाको काम कारबाही अगाडी बढाइनेछ ।

६) साधारण सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनी वा प्रोक्सीले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने सक्कल प्रमाणपत्र (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै सरकारी निकायबाट जारी भएको फोटो सहितको सक्कल परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ, सभा सुरु हुनु भन्दा १ घण्टा अगावै सभा स्थलमा आइपुग्नुपर्नेछ । अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।

७) साझा रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा साझेदारद्धारा नियुक्त साझेदारले वा निजले नियुक्त गरेको प्रतिनिधि(प्रोक्सी)ले र सो बमोजिम नियुक्त हुन नसकेकोमा शेयर धनीहरुको दर्ता किताबमा नाम क्रमानुसार अघि लेखिएको साझेदारले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न पाउनेछन ।

८) नाबालक तथा असक्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा शेयरधनी दर्ता किताबमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रोक्सी नियुक्त गर्न सक्नेछ ।

९) यस कम्पनीको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले सभामा भाग लिनको लागि प्रतिनिधि मुकरर गर्न सक्नेछ । प्रतिनिधी मुकरर गर्ने संगठित संस्था वा कम्पनी भएमा त्यस्तो संस्था वा कम्पनीको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ ।

१०) कम्पनीको पाचौ वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्र पूर्ण रुपमा भरी आफ्नो कुनै सक्कल आधिकारीक परिचय खुल्ने प्रमाण सहित वा शेयर प्रमाण पत्रको प्रतिलिपि वा कम्पनीको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनी महानुभावहरुको हकमा हितग्राही परिचय पत्र नं. साथमा लिई आउनुहुन अनुरोध छ । प्रतिनिधी नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा सस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ ।

११) साधारण सभाको काम कारवाहीहरु कम्पनी ऐन, २०६३, तथा कम्पनीको प्रबन्धपत्र, नियमावली बमोजिम हुनेछ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव
देवराज वानियाँ

---

### घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको
### प्रोक्सी फारम (प्रतिनिधि पत्र)

श्री सञ्चालक समिति,
घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड
रजिष्टर्ड कार्यालय, थापाथली ११, काठमाण्डौ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महोदय,

………………जिल्ला………………………महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं.……बस्ने म/हामी…………………………………………ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०८२/०९/१४ गतेको दिन हुने कम्पनिको पाचौ वार्षिक साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिनको लागि…………………जिल्ला…………………………………………महानगरपालिका/उप–महानगरपालिका/नगरपालिका/गाउँपालिका,वडा..नं.….बस्ने श्री……………………………………,ना.प्र.नं.……………………लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु/छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**

दस्तखत : ……………
नाम :–……………………………………
शेयर प्रमाणपत्र नं :–………………………………………
हितग्राही खाता नं. :–……………………………………
मिति :–

**निवेदकको**

दस्तखत :–……………………………
नाम :–………………………………
ठेगाना :–………………………………
हितग्राही खाता नं.:–…………………
शेयर संख्या :–…………………………

द्रष्टब्यः १) यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

---

### घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड
### (पाचौ वार्षिक साधारण सभा)
### प्रवेश पत्र

शेयरधनीको नामः ……………………………

हितग्राही खाता (BOID) नं.:

शेयर संख्याः

शेयरधनीको हस्ताक्षर (सही): …………………

द्रष्टव्यः
१) घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेडको २०८२/०९/१४ गते (तदानुसार २९/१२/२०२५) सोमवारको दिन हुने पाचौ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।
२) शेयरधनी महानुभावहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।
३) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

……………
कम्पनी सचिव

---

## कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिम प्रस्तुत घोराही सिमेन्ट इण्डष्ट्री लि. को आ.व. २०८१/०८२ को संक्षिप्त आर्थिक प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड. को पाचौ वार्षिक साधारण सभाको प्रयोजनार्थ यस कम्पनीको आ.व.२०८१/०८२ को वासलात नाफा नोक्सान,हिसाव नगद प्रवाह विवरण लगायत आर्थिक कारोवारको सिंहालोकन भविष्यका योजनाहरु र लेखापरिक्षण प्रतिवेदनमा उल्लेख भएका मुख्य कैफियतहरु समेत कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनिहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. यस कम्पनीले दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं ४ गोग्लीमा सिमेन्ट तथा क्लिङकर उत्पादनको लागी हिमालयन बैक लि.बैकको अगुवाईमा गठन भएको सहवित्तियकरण मार्फत परियोजना कर्जा लिई उद्योग स्थापना र सिमेन्ट तथा क्लिंकर उत्पादन गरेको र उत्पादन गरेको सिमेन्ट र क्लिङकर बजारमा नियमित रुपमा विक्रीवितरण साथै भारतमा निर्यात गर्दै आएकोमा हाल देशमा सृजना भएको राजनिती अस्थिरता र हालै मात्र भएको जेन्जी आन्दोलनले निम्ताएको परिश्थिती तथा केही समय नेपाल विद्युत प्राधिकरणले विद्युत सेवा अवरुद्ध गरेता पनि बैकल्पिक उर्जा प्रयोग गरी उद्योग सञ्चालन गरेको जानकारी गराउदछौ । धेरै समस्याको वावजुत पनि कम्पनीले आफ्नो व्यवशाय सञ्चालन गरिरहेको छ । यस कम्पनिले बैंक तथा वित्तिय संस्थाहरुको भुक्तानी तालिका अनुसार बैंकहरुको साँवा तथा ब्याज भुक्तानी गर्दै आएको छ ।

२. यस उद्योगले आ.व. ०८१/०८२ को उत्पादन तथा विक्रीको विवरण

आ.व.२०८१ /२०८२ मा उद्योगको सिमेन्ट तथा क्लिङकर उत्पादन र बिक्रि तथा निकासीको विवरण निम्न बमोजिम छ ।

| विवरण | उत्पादन मे.ट. | विक्री मे.ट. | विक्री रकम निकासी सहितको रकम रु |
|---|---|---|---|
| सिमेन्ट | ५,०३,८५४.५६ | ५,०१,१५६.३१ | ४,५६,७२,५३,५०३ |
| क्लिङकर | ५,५७,८०८.९० | ८४९०९.४६ | ६४,७१,३५,४१५ |
| अन्य | - | - | १,३१,१२,४२४ |
| जम्मा | १०,६१,६६३.४६ | ५,८६,०६५.७७ | ५,२२,७५,०१,३४२ |

यस कम्पनीको पुँजी बाट सिमेन्ट तथा क्लिङकर उतपादन गरी बजारमा विक्री वितरण साथै भारतमा निर्यात समेत गरेको आदि सम्पतीको सबै किसिमको जोखिम ब्यहोर्ने गरी सम्पत्ती बीमा गरिएको छ । यसका साथै कम्पनीमा कार्यरत कर्मचारीहरुको दुर्घटना तथा बिरामी बीमा गरिएको छ ।

३. लेखापरिक्षकको प्रतिवेदन अनुसार यस कम्पनीले २०८१/०८२ को वित्तीय विवरण लेखापरिक्षकको प्रतिवेदन अनुसार यस कम्पनीले २०८१/०८२ को वित्तीय विवरण तयार पार्दा NFRS को पालना गरिएको ।

४. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरु र संचालक समितिको प्रतिवेदनबाट संक्षेपीकरण गरिएको हो । उल्लेखित वार्षिक विवरणहरु तथा वार्षिक प्रतिवेदन कम्पनीको वेब साइट www.ghorahicement.com मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ ।

पुरुषोत्तम लाल संघई
संचालक, अध्यक्ष

सि. ए. देओकी विजय एण्ड को.
चार्टर्ड एकाउन्टेन्ट्स

## आ.व.२०८१/८२ र २०८०/८१ को तुलनात्मक वित्तिय स्थिति तल उल्लेख गरे बमोजिम रहेको छ ।

### वासलात

| विवरण | आ.ब.२०८१ /०८२ | आ.ब.२०८०/०८१ |
|---|---|---|
| सम्पत्ति | | |
| गैर चालु सम्पत्ति | | |
| चल/अचल सम्पत्ति | १८,३८१,३५२,६२४ | १९,००८,७५५,४५६ |
| अमुर्त सम्पत्ति | ८०,४०८,७२१ | ८३,२३३,७६०. |
| सम्पत्तिको भोग अधिकार | - | १,५८३,६१३. |
| लगानी | १६५,०३४,८०० | १६५,०३४,८००. |
| कुल गैर चालु सम्पत्ति | १८,६२६,७९६,१४५ | १९,२५८,६०७,६२९ |
| चालु सम्पत्ति | | |
| मौज्दात | १,९६७,८२१,०९० | १,९७२,१८२,४४० |
| व्यापार असामी | १,३१३,९६१,६७६ | १,६५४,७२८,१२८ |
| करार सम्पत्ति | ७,२७५,७१७ | ३,६८७,०३५ |
| नगद तथा बैंक मौज्दात | ३४१,०६९,०४९ | १४१,२९८,११७ |
| अग्रिम भुक्तानी | ३१,९१३,८८५ | २९,८०३,६२९ |
| अन्य वित्तीय सम्पत्ति | ९०,०५९,३३३ | ८०,४५८,०१५ |
| अन्य चालु सम्पत्ति | २३४,१८७,५०७ | २०६,६६४,०३५ |
| चालु कर सम्पत्ति | ७,०००,४७१ | ६,८६०,४७५ |
| कुल चालु सम्पत्ति | ३,९९३,२८८,७२८ | ४,०९५,६८१,८७४ |
| कुल सम्पत्ति | २२,६२०,०८४,८७३ | २३,३५४,२८९,५०३ |
| पुंजी तथा दायित्व | | |
| शेयर पुंजी | ४,५६७,६८५,७०० | ४,५६७,६८५,७०० |
| संचित नाफा | १,४३२,७६७,४१८ | २,०४३,१४५,५९७ |
| शेयर प्रिमियम | २,६५८,४६८,१८५ | २,६५८,४६८,१८५ |
| कुल पुंजी | ८,६५८,९२१,३०३ | ९,२६९,२९९,४८२ |
| गैर चालु दायित्व | | |
| दिर्घकालिन ऋण | ६,१५१,६६९,९५४ | ६,७३६,१४९,४५३ |
| अन्य गैर-चालु वित्तीय दायित्व | २,२१३,९०९,९७७ | १,९४८,४५९,९७७ |
| लिज दायित्व | - | १,९९७,६८३ |
| स्थगन कर दायित्व | २६६,८३५,८३० | ४१२,१६६,४९३ |
| कुल गैर चालु दायित्व | ८,६२४,८०७,५४२ | ९,०९८,७७३,६०६ |
| चालु दायित्व | | |
| अल्पकालीन ऋण | ३,२४२,४१३,३९५ | ३,३०६,४३१,६१५ |
| व्यापार साहु | १,३१४,३९६,०६३ | ७६९,११७,४७० |
| अन्य वित्तीय दायित्व | ६४९,२४२,७५४ | ८०६,९६१,४१२ |
| सम्झौता प्रयोजन दायित्व | १२२,६९५,५९७ | १०३,७०५,९१८ |
| चालु कर दायित्व | - | - |
| कुल चालु दायित्व | ५,३२८,७४७,८०९ | ४,९८६,२१६,४१५ |
| कुल पुंजी तथा दायित्व | २२,६२०,०८४,८७३ | २३,३५४,२८९,५०३ |

### नाफा नोक्सान हिसाव

| विवरण | आ.ब.२०८१/०८२ | आ.ब.२०८०/०८१ |
|---|---|---|
| आम्दानी | | |
| विक्रीबाट आम्दानी | ५,०५२,५३०,३७५. | ४,४७७,९७०,२७९ |
| बिक्रिको लागत | (४,०३५,२६२,९९७) | (४,१६९,४४०,३४१) |
| कुल नाफा | १,०१७२६७,३७८ | ३०८,५२९,९३८ |
| अन्य आम्दानी | ८३,६४९,७४३ | ५,६९६,१८० |
| खर्च | | |
| प्रशासनिक, बिक्रि तथा वितरण खर्च | (२९३,१७२,३६४) | (३३१,६८१,५५५) |
| ह्रास खर्च | (६७४,६३७,८५३) | (४५६,९२३,३०५) |
| कारोवारबाट खुद नाफा | १३३,१०६,९०४ | (४७४,३७८,७४२) |
| व्याज खर्च | (८८८,५८८,७३०) | (७६१,८०३,६०८) |
| आयकर ब्यबस्था अघि को खुद नाफा | (७५५,४८१,८२६) | (१,२३६,१८२,३५०) |
| आयकर ब्यबस्था | | |
| यस वर्षको कर | (२२७,०१६) | (५२४,३७३) |
| स्थगन कर आम्दानी / (खर्च) | १४५,३३०,६६३ | (२१०,३७३,६३७) |
| खुद मुनाफा/(नोक्सान) | (६१०,३७८,१७९) | (१,४४७,०८०,३६०) |
| प्रति शेयर आय | | |
| आधारभुत रु. | (१३.३६) | (३१.६८) |
| समायोजन (Diluted) रु. | (१३.३६) | (३१.६८) |

### नगद प्रवाह विवरण (२०८२ आषाढ मसान्त)

| विवरण | आ.व.२०८१/०८२ | आ.व.२०८०/०८१ |
|---|---|---|
| क) कारोबार संचालनबाट नगद प्रवाह | | |
| आयकर पुर्वको खुद मुनाफा | (७५५,४८१,८२६) | (१,२३६,१८२,३५०) |
| समायोजन | | |
| ह्रास तथा कट्टि | ६७४,६३७,८५३ | ४५६,९२३,३०५ |
| ब्याज भुक्तान | ८८८,५८८,७३० | ७६१,८०३,६०८ |
| ब्याज आम्दानी | (४४६,४२४) | (३०५,८९३) |
| स्थिर प्लान्ट र उपकरण तथा अमुर्त सम्पर्तिको बिक्रिबाट नाफा/नोक्सान | १,४१६,१५३ | - |
| संस्थागत सामाजिक दायित्व व्यवस्था | - | - |
| संस्थागत सामाजिक दायित्व खर्च | (९८८,०३०) | (१,२९१,९९१) |
| विगत बर्षको खर्च | - | ६३,१८५ |
| वित्तिय दायित्वबाट आर्जित लाभ | | |
| अन्य गैर नगद खर्च | ७०२,७२६ | ४३६,६९९ |
| अन्य गैर नगद | (४१४०७०) | - |
| लगानीको बिक्रिबाट नाफा(नोक्सान) | - | - |
| क्रियाशील पूँजीमा परिबर्तन अधिको नगद प्रवाह | ८०८,०१५,११२ | (१८,५५३,४३७) |
| मौज्दातमा (बृद्धि)/कमी | ४,३६१,३५० | ९५,८७७,७१६ |
| व्यापार असामीमा (बृद्धि)/कमी | ३४०,०६३,७२६ | ११४,९९४,८४४ |
| सम्झौता प्रयोजन सम्पत्ति(Contract Assets) (बृद्धि)/कमी | (३,५८८,६८२) | (२,४८८,०२८) |
| अन्य वित्तीय सम्पत्तिमा (बृद्धि)/कमी | (९,६०१,३१८) | ५१,५६८,२५९ |
| अग्रिम भुक्तानीमा (बृद्धि)/कमी | (२,११०,२५६) | १८,१५१,२९८ |
| अन्य चालु सम्पत्तिमा (बृद्धि)/कमी | (२७,५२३,४७२) | ३,२७१,५१०,२९७ |
| अन्य गैर-वित्तीय सम्पत्तिमा (बृद्धि)/कमी | - | - |
| व्यापार साहुमा (बृद्धि)/कमी | ५४५,२७८,५९३ | (८५२,९५५,२२४) |
| अन्य चालु वित्तीय दायित्वमा बृद्धि/(कमी) | (१५६,७३०,६२८) | (११२,५४१,६६५) |
| अन्य चालु वित्तीय दायित्वमा बृद्धि/(कमी) | | |
| सम्झौता प्रयोजन दायित्व (Contractual Liabilities) बृद्धि/(कमी) | १८,९८९,६७९ | (१९,२५०,१७९) |
| अन्य गैर-वित्तीय दायित्वमा बृद्धि/(कमी) | - | - |
| संचालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि | - | - |
| संचालनबाट खुद नगद प्रवाह | १,५१७,१५४,१०४ | २,५४६,२७३,८८१ |
| घटाउः आयकर | (३६७,०१२) | (३०६,१३१) |
| घटाउः गत वर्षको आयकर | - | - |
| संचालनबाट खुद नगद प्रवाह | १,५१६,७८७,०९२ | २,५४५,९६७,७४९ |
| ख) लगानी गतिबिधी बाट नगद प्रवाह | | |
| सम्पत्ति प्लान्ट र उपकरण खरिद | (४६,७६८,०२३) | (१२,८५६,६१८,२२५) |
| अमुर्त सम्पत्ति खरिद | (३८५,५४६) | (५७,४३०,७८८) |
| सम्पत्ति प्लान्ट र उपकरण विक्री | १,३२७,४३४ | |
| काम प्रगति सम्पत्ति (CWIP) | - | १२,०९५,०५४,४६९ |
| कार्यगत पुंजीको कमी/(बृद्धी) | - | - |
| लगानी खरिद | - | (८१,४६२,०००) |
| ब्याज आम्दानी | ४४६,४२४ | ३०५,८९३ |
| लगानी गतिबिधी बाट खुद नगद प्रवाह | (४५,३७९,७११) | (९००,१५०,६५१) |
| ग) वित्तीय कारोबारबाट नगद प्रवाह | | |
| दीर्घकालीन सुरक्षित ऋणमा /(भुक्तानी) | (५८४,४७९,४९९) | (१,६५९,५०६,९४९) |
| दीर्घकालीन असुरक्षित ऋणमा /(भुक्तानी) | २६५,४५०,००० | ६०२,७७१,३३३ |
| अल्पकालीन ऋण मा बृद्धि/(कमी) | (६४,०१८,२२०) | २४१,९०७,८०७ |
| लिज दायित्वमा बृद्धि/(कमी) | - | ७४,९६७ |
| ब्याज भुक्तानी | (८८८,५८८,७३०) | (७६१,८०३,६०८) |
| शेयर पुँजीमा वृद्धि | - | - |
| खुद वित्तीय गतिबिधी बाट खुद नगद प्रवाह | (१,२७१,६३६,४४९) | (१,५७६,५५६,४५०) |
| घ) नगद र नगद समतुल्यमा खुद वृद्धि/(घटाउ) | १९९,७७०,९३२ | ६९,२६०,६४९ |
| ङ) वर्षको सुरुमा नगद र नगद समतुल्य | १४१,२९८,११७ | ७२,०३७,४६८ |
| च) वर्षको अन्त्यमा नगद र नगद समतुल्य | ३४१,०६९,०४९ | १४१,२९८,११७ |